प्रस्ताव एवं निर्णयहरू

(१) आ.व. २०७४/७५ को आन्तरिक लेखा परीक्षण सम्बन्धमा।

सरावल गाउँ कार्यपालिकाको कार्यालयको आ.व. २०७४/७५ को आन्तरिक लेखापरीक्षणका लागि कार्यालयमा आ०ले०प० शाखा गठन भई नसकेकोले कोष तथा लेखा नियन्त्रक कार्यालय नवलपरासी (व.सु.प.) लाई आन्तरिक लेखापरीक्षण गर्नका लागि अनुरोध गर्ने निर्णय गरीयो।

(२) सामाजिक परीचालकहरूलाई सेवा परीवर्तन गरी निरन्तरता दिने सम्बन्धमा।

गत आ.व. सम्म सामाजिक परीचालकको पदमा कार्यरत वडा नम्बर २ का जमुना चौधरी लाई वहुक्षेत्रिय पोषण कार्यक्रममा स्वयं सेवकको रूपमा र वडा नं. ५ का रामविलास यादवलाई सोही वडामा कार्यालय सहयोगिका रूपमा साविकमा खाइपाई आएको तलवमा घटी नहुने गरी निरन्तरता दिने निर्णय गरीयो।

(३) भलुही खोलाको ~~सेय~~ ठेक्कापट्टा रकम छुट सम्बन्धमा।

सरावल गाउँपालिका र सुनवल नगरपालिकाको सिमामा पर्ने भलुही खोलाको आ.व. २०७४/७५ को नदीजन्य पदार्थको संकलन र विक्रि वितरणका लागि भएको ठेक्कापट्टामा रकम छुटको सम्बन्धमा छलफल हुँदा सरावल गाउँपालिका १ नं. वडा कार्यालय तिलकपुरको पत्र तथा प्राविधिक प्रतिवेदन अनुसार ठेक्का सकार गर्ने पालुस्थान निर्माण सेवा, सरावल-१ ले गाउँपालिकामा दाखिला हुन बाँकी रकम मध्ये ५०% (पचास प्रतिशत) रकम मिति २०७५/०५/१२ गतेसम्म बैंक दाखिला गरेमा बाँकी रकम छुट गर्ने निर्णय गरीयो।

(४) पोषण भत्ता प्रदान गर्नका लागि कार्यविधि मापदण्ड

गर्ने निर्णय गरियो।

तपसील

(क) उत्तमाकुमारी राय — संयोजक

(ख) सुनिता हरिजन — सदस्य

(ग) छोटेलाल यादव — "

(घ) हयात खाँ धुनिया — "

(ङ) भेषनारायण चौधरी — "

(च) ओमनारायण दैवकोटा — सदस्य सचिव

(५) 'घ' वर्गको निर्माण व्यवसायको इजाजत सम्बन्धमा।

महाविर कन्ट्रक्सन सरावल-५, मनोहर कन्ट्रक्सन सरावल-२, तथा लक्ष्मी निर्माण सेवा सरावल-२ ले 'घ' वर्गको निर्माण व्यवसायको इजाजत प्राप्तिका लागि निवेदन पेश गरेकोमा प्राविधिक वाट फिल्ड प्रतिवेदन पेश गर्न लगाई आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।

सुनिता

बिन्दा